# बैठक संख्या : १३

## मिति २०७९/१२/१३ गतेको कार्यपालिका बैठकका प्रस्ताव, छलफल तथा निर्णयहरु :

**१) गत कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा ।**

यस माडी नगरपालिकाको मिति २०७९/१०/१९ मा सम्पन्न भएको नगर कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यान्वयनका सन्दर्भमा समिक्षा गरियो ।

**२) नगरपालिकाद्वारा सञ्चालित क्रसर उद्योग तथा सवारी साधनको आम्दानी तथा खर्च अध्ययन गर्न समिति गठन सम्बन्धमा ।**

यस नगरपालिकामा विगत देखि नै क्रसर उद्योग सञ्चालनमा रहेको त्यसै गरी हेभी ईक्वीपमेण्ट तथा क्रसरको अहिलेको अवस्था के छ ? आम्दानी खर्चको अवस्था के छ ? आदी सम्वन्धमा अध्ययन गरी प्रतिवेदन दिन वडा नं. १ का वडाध्यक्ष अमित कुमार लामाको संयोजकत्वमा निम्न सदस्य सहितको समिति गठन गर्ने ।

संयोजक : अमित कुमार लामा, वडाध्यक्ष, वडा नं. १
सदस्य : गणेश प्रसाद विश्वकर्मा, वडाध्यक्ष, वडा नं. ५
सदस्य : दीपेन्द्र राज पौडेल, वडाध्यक्ष, वडा नं. ६
सदस्य : दिवानाथ पोखेल, सह-लेखापाल, माडी नगरपालिका
सदस्य सचिव : सन्तोष सुवेदी, राजश्व प्रशासन शाखा, माडी नगरपालिका

**३) नगरपालिका अन्तर्गत रहेका ऐलानी पर्ति जग्गा पहिचान गरी संरक्षण गर्न समिति गठन सम्बन्धमा ।**

यस नगरपालिका क्षेत्र भित्र रहेका सरकारी, ऐलानी, पर्ती, जग्गाको पहिचान गरि संरक्षण गर्ने प्रयोजनका लागि वडा नं. ३ का वडाध्यक्ष पुरन महतोको संयोजकत्वमा निम्न सदस्य सहितको समिति गठन गर्ने ।

संयोजक : पुरन महतो, वडाध्यक्ष, वडा नं. ३
सदस्य : घनश्याम दवाडी, वडाध्यक्ष, वडा नं . ९
सदस्य : सविता महतो, कार्यपालिका सदस्य
सदस्य : किरण प्रसाद उपाध्याय, कृषि शाखा प्रमुख
सदस्य सचिव : किरण बहादुर बि.क., प्रशासन शाखा प्रमुख

**४) झोलुङ्गे पुलको लागि बजेट माग तथा ल.ई संसोधन सम्बन्धमा ।**

(क) द्रौपतीनगर झोलुङ्गे पुल आयोजनाको पूर्व स्वीकृत ल.ई. मा गै.स.स. को रिपोर्ट तथा अनुरोध बमोजिम हाते अगर मेसिनले पाइलिङ्ग गर्न शुरु गरिएकोमा वोल्डर/चटान आएकोले डि.एम्.सी. मेशिन प्रयोग गर्नु परेको हुँदा सो बमोजिम थप हुने रकम सहित ल.ई. रकम रु.१,०६,३०,८७६।८२ संशोधीत ल.ई. स्वीकृत अनुमोदन गर्ने ।

(ख) स्थानीय पूर्वाधार विभागसँग तपसिलका खोलाहरुमा झोलुङ्गे पुल निर्माण गर्न योजना माग गर्ने
वडा नं. १ को अमिलिया र वडा नं. २ को भैरवपुर जोड्ने रिउ खोला
वडा नं. ८ को बाह्रघरे र वडा नं. ९ को सागबारी जोड्ने अनार खोला
वडा नं. ६ को रामराज्यपुर र वडा नं. ६ कै लक्ष्मिनिवास जोड्ने चन्द्रे खोला
वडा नं. ४ को रेडहिल पार्क र वडा नं. ५ को छरछरे जोड्ने मगुही खोला
वडा नं. २ को जोगी टोल र वडा नं. २ को कुन्तीपुर जोड्ने चितही खोला

माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बसन्तपुर, चितवन बागमती प्रदेश, नेपाल २०७३

निर्णय प्रमाणित
२०७९।१२।१३

Scanned with CamScanner

**५) टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ संसोधन सम्बन्धमा ।**

माडी नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ का देहायका दफाहरुमा संशोधन गर्ने

परिच्छेद १ को दफा (२) को उपदफा (ख) को पाँचौ पङ्तीमा "वडा कार्यालयमा" भन्ने शव्दको सट्टा "नगर कार्यपालिकाको कार्यालयमा" कायम गर्ने

परिच्छेद २ को दफा (३) उपदफा १० मा रहेको "५० प्रतिशत" लाई "३३ प्रतिशत" कायम गर्ने

परिच्छेद २ को दफा (६) को उपदफा ख मा रहेको बुँदामा उल्लेख भएको "सूचिकृत प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ" लाई संशोधन गरी "सूचिकृत गराउन माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गर्नेछ र सोही अनुसार नगर कार्यपालिकाको कार्यालयले टोल विकास संस्थालाई सूचीकृत गरी वडा कार्यालयमा पठाउनेछ" भनि थप गर्ने

परिच्छेद २ को दफा (६) को उपदफा (घ) मा रहेको बुँदा "टोल विकास संस्थालाई सूचिकृत पश्चात क्षमता विकास र टोल सुधारका अभियानमा व्यापक रुपमा परिचालन गराइ सोको प्रगति चौमासिक रुपमा वडा कार्यालय हुँदै नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ" भनी संशोधन गर्ने

**६) क्रसर तथा हेभी ईक्युपमेण्ट सञ्चालन कार्यविधि, २०७७ संसोधन सम्बन्धमा ।**

माडी नगरपालिकाको क्रसर र हेभी ईक्युपमेण्ट सञ्चालन कार्यविधि, २०७७ को परिच्छेद ४ को दफा (६) पछि "नगरपालिका अन्तर्गतका नगरपालिकाको स्रोत साधन प्रयोग गर्नुपर्ने योजनाहरुको हकमा नगर कार्यपालिकाको कार्यालयबाट प्रस्तावना तयार गरी कार्य सम्पन्न पश्चात फरफारक गर्न वाध्य पर्ने छैन" भनी दफा ६'क' थप गर्ने

**७) कल्याणपुर स्वास्थ्य चौकी भवन निर्माणको लागि बजेट माग सम्बन्धमा ।**

कल्याणपुर स्वास्थ्य चौकीको नाममा रहेको माडी नगरपालिका वडा नं. ६ को साविक कित्ता नं. २१९ माडी कल्याणपुर ५ घ खण्डे नं. ४७६ को १६७६.२२ वर्ग मिटरको जग्गामा स्वास्थ्य चौकी भवन निर्माणको लागि आवश्यक बजेट विनियोजन गर्न सम्बन्धीत निकायमा सिफारिस साथ अनुरोध गर्ने ।

**८) वैदेशिक राजगारको अवस्था सम्बन्धी पार्श्वचित्र तयार गर्ने सम्बन्धमा ।**

यस नगरपालिकाबाट विभिन्न देशहरुमा वैदेशिक रोजगारीका लागि गएका व्यक्तिहरुको तथ्याकं संकलन गरी पार्श्वचित्र तयार गर्नुपर्ने देखिएकोले नगर सभाबाट स्वीकृत रकमबाट कार्यक्रम सञ्चालन गर्ने ।

**९) कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकीकरण प्रबर्धन केन्द्रसँग कार्यक्रम माग गर्ने सम्बन्धमा ।**

कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकीकरण प्रबर्धन केन्द्रसँग कृषि उपज संकलन तथा बिक्रि केन्द्र निर्माण कार्यक्रम माग गर्ने ।

**१०) विविध**

(क) यस कार्यालय र कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई विपक्षी बनाइ यस नगरपालिकामा कार्यरत सुनिता खतिवडाले श्री उच्च अदालत पाटन हेटौंडा इजलास समक्ष पेश गरेको ०७९-WO-००४९ (रिट) नं को रिटमा प्रति उत्तर लगायत सो मुद्दासँग सम्बन्धीत अन्य सबै कार्यका लागि यस कार्यालयका अधिकृत छैटौं श्री किरण बहादुर बि.क. लाई खटाउने

(ख) नगरपालिका कार्यालय र अन्तर्गतका स्वास्थ्य चौकी तथा अस्पतालमा रिक्त रहेका पदहरु प्रदेश लोकसेवा आयोगमा माग आकृति फर्म भरी पठाउने तथा लोकसेवा आयोगबाट सिफारिस भइ नआइञ्जेल सम्मका लागि तथा अध्ययन विदाबाट फर्कि नआइञ्जेल सम्मका लागि स्वास्थ्य संस्थामा रिक्त दरवन्दीमा प्रक्रिया पुर्‍याइ करार नियुक्ति गर्ने

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

निर्णय प्रमाणित
२०८०।१०।१३

Scanned with CamScanner

(ग) वडा नं. ८ मा JYSK नामक डेनिस संस्थाबाट सञ्चालित बैकुण्ठे भूमिगत खानेपानी तथा सरसफाई आयोजनाका लागि एक घर एक धारा कार्यक्रम अनुसार आवश्यक खानेपानी मिटर उक्त संस्थाले Kamstrup नामक कम्पनीको मिटर उपलब्ध गराउन तयार भएकोले उक्त मिटर डेनमार्कबाट हवाइ मार्ग मार्फत् ल्याउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् विभिन्न मन्त्रालयसँग समन्वय गरिदिन सिफारिस गर्ने

(घ) माडी नगरपालिका वडा नं. ५ पिपरिया स्थित पोखरी सहितको खाली जमिनलाई वालवालिका मैत्री वाल प्ले स्टेशन बनाउने उद्देश्यले आ.व. २०७९/८० को स्वीकृत वार्षिक बजेट रु. ८ लाख विनियोजन भएको हुँदा उक्त स्थानमा रहेको प्रयोगमा नआएको पोखरी (खाल्डो) लाई पुर्ने कार्य सम्पन्न गरी आगामी वर्ष पूर्वाधार निर्माण शुरु गर्नु पर्ने भएको देखिँदा उक्त खाल्डो पुरी जग्गा एकिन गरी निर्माण कार्य अघी बढाउने ।

(ङ) वडा नं १ को बनकट्टास्थित रिउ खोला पुलको पश्चिम तर्फ खोला डाइभर्सन गर्न बाँस खरिद तथा रोपणका लागि प्राविधिकबाट लागत अनुमान तयारी गरी लागत अनुमान अनुसारको नगरस्तरिय विपद शिर्षकबाट बजेट व्यवस्थापन गर्ने

(च) वडा नं. २ को कार्यालय सञ्चालन तथा व्यवस्थापन खर्चमा विनियोजन भएको रु.१,५०,०००।- मध्ये रु.१,००,०००।- गोदृकधाम मेला व्यवस्थापनमा खर्च गर्ने ।

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

निर्णय प्रमाणित

Scanned with CamScanner